

# विदेशी मुद्रा आर्जनको स्रोत नेपाली फूल बिरूवा

डा. केशव श्रेष्ठ*

नेपालमा सात हजार थरीका रैथाने नेपाली फूल बिरूवाहरूमध्ये झण्डै ५०० फूल बिरूवाहरू यूरोप र जापानमा उत्पादन, संरक्षण र सम्बर्द्धन भएको परिप्रेक्षमा यहाँको फूल बिरूवाहरूको बजार बाह्य जगतमा अत्यधिक छ । जापानमा मात्र ९४ प्रकारका नेपाली रैथाने बिरूवा पाइन्छन् । नेपालमा हामीहरूले विदेशी मूलका फूलहरूलाई पनि नेपाली नाम दिएका र यसरी विदेशी मूलका फूलहरूलाई विदेशी नामबाट परिचय हुने कारणबाट फूल बिरूवाको पहिचानमा समस्या उत्पन्न हुने गर्दछ । नेपाल सानो देश भए तापनि धरातल र हावापानीको विविधताको कारणले फूल-बिरूवाको असङ्ख्य भण्डार रहेको छ । नेपालले विश्वको ०.९ प्रतिशत भूमण्डल ओगटेको भए तापनि विश्वको कूल वनस्पतिको २ प्रतिशत स्थान ओगटेको छ । त्यसैले नेपालको प्राकृतिक सम्पदादेखि लोभिएर विदेशीहरूले १९ औं शताब्दीको शुरुदेखि नै यहाँका बिरूवाहरू अनुमति बिना नै विदेशमा लगेको देखिन्छ ।

नेपालमा खास गरेर कर्तन पुष्प (cut flower) को ठूलो व्यवसाय हुने गरेको देखिन्छ । १० वर्ष अधिसम्म फूल व्यवसाय केही ज्यापू परिवारले सानो करेसा बारीमा देवी देवतालाई चढाई बढी भएको पुष्पहरूलाई बजारमा खर्पनमा बेच्न ल्याउँथे भने आज अमर नर्सरी, स्टेण्डर्ड नर्सरी, दि फ्लावर, नन्दन वाग, अर्किड गार्डेन, वोधि वृक्ष, फ्लोरा फ्रेण्डस्, पारीजात नर्सरी, इभरग्रीन नर्सरी, ओमेन ईन फ्लोरीकल्चर आदि जस्ता व्यवसायिक समूहहरू दिन प्रतिदिन फैलिन थालेका छन् । कर्तन पुष्पको व्यवसाय वार्षिक पचास लाखदेखि असी लाख नेपाली रूपैयासम्म पुगिसकेको छ भने नर्सरीहरूको उत्पादनलाई अझ व्यवस्थित गर्न थोक बजारको समेत व्यवस्था भई सकेको छ । यो थोक बजार प्रारम्भ भएको पहिलो वर्षमा नै रू १२ लाखको कारोबार हुन गएको थियो ।

तर हाल फ्लोरीकल्चर व्यवसाय नेपालमा विकसित भईरहेको भए तापनि यसमा के कति नेपाली रैथाने वनस्पतिको भूमिका छ भन्ने बारेमा जानकारी छैन । विदेशबाट वर्षेनि अरबौं रूपैयाको बाह्य मूलको फूल नर्सरी व्यवसायीहरूले नेपालमा भित्राउने गर्दछन् । वन विभागले कल्की, कपूर, बगैना, लहरे पिपल, धूपी सल्ला, काँगियो जस्ता विदेशी मूलका बिरूवाबाट वृक्षारोपण गरिरहेको छ । नेपाली मूलका सिसौ, साज, साल, क्यापुना, हर्रो-बर्रो आदिका जङ्गल कटान गरेर मसाला र सल्ला रोपि हरियालीकरण सफल भएको दाबि गर्दछ । सामूहिक वनमा समेत उपभोक्ताहरू कपूर, मसला, सिढोनेला, पामारोजा, मिण्ट रोपेर धन आर्जन गर्न सकिन्छ भनेर लागिपरेका छन् । नेपाली रैथाने वन-वनस्पति रोपेर हरियाली फैलाऔं र धन पनि आर्जन गरौं भनि आशा राख्ने भए तापनि चाँडै आर्जन गर्न नसकिने भएकोले निरास हुने गर्दछन् । सहरीकरणमा त्यस्ता मौलिक वन वनस्पतिलाई स्थान दिएको भए यो निरासा केहि हदसम्म थामिन्थ्यो होला । तर नेपालको गुराँस, मेडोसेरो, सुनगाभा, घङ्गारू, कपासे फूल, वज्रदन्ती जाती, लुकुली स्वाँ, सिन्ह स्वाँले विश्वमा स्थान पाए तापनि हामी विदेशी लिली, टुलिप, आरम, ग्लाडिओस, कारनेशन आदिमा मात्र ध्यान केन्द्रित गरिरहेका छौं । यूरोपमा नेपालको १७५ वटा फूलहरूले कुनै न कुनै प्रकारको व्यवसायमा स्थान पाएका छन् । उन्यू जाति र अर्किड मात्र विदेश पठाउन सकेमा १०/१५ लाख आर्जन गर्न व्यवसायीहरूलाई अप्ठ्यारो पर्ने छैन । तर नेपालमा यसको ज्ञान खोई ? नीति र कार्यन्वयन खोई ?

नेपालका प्रथम वनस्पति सङ्कलनकर्ताहरू लालध्वज, एन. के. शर्माले बेलायतका राजा जोर्ज ५ औं लाई नेपालको फूल र बिउ उपहार-भेट गरेका थिए । राजा जोर्जले ती बिउलाई यूरोप भरि फैलाउन बागवानीमा काम गर्ने व्यक्तिहरूलाई लगाए र आज पोलिगोनम, लोक्ता, विस्टोर्टा, जेन्टिएना, मेकोनोप्सीस, जुगेफूल, प्याराक्विलेजिया, काल्था जस्ता फूलहरू यूरोपमा लोकप्रिय भइसकेका छन् ।

सामूदायिक वनमा निम्न फूल-बिरूवाहरूको उत्पादन महत्वपूर्ण हुन सक्दछ ।

१. जङ्गली गुलाफ
२. प्रिमुलाका विभिन्न थरी
३. निगालो
४. अर्किड
५. पर्खालमा लगाउने लहरे फूल
६. टेबुलमा सजाउने रैथाने बिरूवा
७. धूपी सल्ला, वर पिपल
८. घरभित्र राख्ने बिरूवा
९. जमिनभित्र गाना हुने बिरूवा जस्तै गुर्जो, गुजर गानो, सर्प मकै, नेपाली लिली, डेरिस
१०. हेज प्लाण्टस्
११. गुराँस
१२. एस्टर, एरिजेरोन या सूर्यमूखि जातिका वनस्पति
१३. सदाबहार वृक्षहरू
१४. कोटे नेस्टर जातिका बिरूवा

* डा. केशव श्रेष्ठ प्राकृतिक विज्ञान सङ्ग्रहालयमा कार्यरत हुनुहुन्छ ।

१५. सिमसारमा पाइने बिरूवा

१६. सिङ्गारको लागि लामो घाँसे बिरूवा

## नेपालमा प्रिमुला बिरूवाको चर्चा र खेती

नेपालीमा मेडोसेरो नामाकरण गरिएको प्रिमुलालाई अङ्ग्रेजीमा प्राईमरोज भनिन्छ । यो एउटा होचो बुट्टे थरिको बिरूवा हो जुन हिमाली भेगको सेरोफेरो तथा हिमरेखाको समिपवर्ति क्षेत्रमा प्रसस्त मात्रामा पाइन्छ । बाग बगैंचामा अति लोकप्रिय मानिने यो बिरूवा सौन्दर्यताको लागि प्रख्यात भएकोले प्रशस्त मात्रामा घरमा लगाउने गरेको पाइएको छ ।

ई.सं. १८१५ मा हडवार्ड गार्डेनर नेपालमा बेलायत सरकारको स्थानीय प्रतिनिधि भएर बस्दा उनले धेरै प्रिमुलाका बिज र बिरूवा कलकत्तामा बसिरहेका न्याथालिन वालिचलाई पठाएका थिए । पछि गएर कलकत्ताका उद्यानबाट भारतको अन्य उद्यान र विश्वभर पनि यी वनस्पतिहरू फैलिएर गए । १८२१ मा न्याथलिन वालिचले विश्वको लागि पहिलो पहिचान बनाएको बिरूवा प्रिमुला रोटुन्डीकोलिया थियो जुन उनले गोसाइँकुण्ड समिपको ५००० मिटरको उचाइँबाट सङ्कलन गरेका थिए ।

छिमेकी राष्ट्र तथा विदेशका धेरै मुलुकमा नेपालमा मात्र पाइने रैथान वनस्पतिहरूलाई बगैंचामा र ग्रीन हाउसमा रोपिएको छ । यूरोपका धेरै बाग बगैंचामा खास गरेर नेपालको मौलिक बिरूवालाई मात्र रोपिएको कुरा अति रोचक छ । ती उद्यानहरूमा उच्च हिमाली भेगका *Androsae muscoides* var. longiscape, *A. zambalensis*, *Primula aureata*, *P. buryana*, *P. coideriana* ssp. *Strumosa*, *P. wallastonii* र अन्य प्रजातिका वनस्पतिहरू रोपिएका छन् ।

ई.सं. १८०२ मा नै वकानान ह्यामिल्टनले चितलाङबाट पहिलो पल्ट *P. denticulata* नामक मेडोसेरोलाई चित्र बनाएर व्याख्या गरेका थिए । त्यस पछि कलकत्ताको उद्यानमा काम गर्ने वालिचले ई.सं. १८२४ मा उक्त बिरूवालाई त्यहाँको उद्यानमा रोपे ।

वसन्त ऋतुको आगमनसँगै फुल्ने यो *Primula denticulata* को उचाइँ अनुसार नै केहि भिन्नता देखिन्छ । त्यहि भिन्नताले गर्दा यसको नाम र प्रकार थरी थरीको रहेको पाइन्छ । कम उचाइँमा पाइने *P. denticulata* पौष-माघ महिनामा फुल्दछ भने उच्च हिमाली भेगमा अवस्थित यो वनस्पति जुलाईतिर फुलेको देख्न पाउँदछौं । पात राम्ररी आउनुभन्दा पहिला नै फूल फुल्दछ भने केहि कल्ला जस्ता कलिला पातले मात्र फूललाई ढाकेको हुन सक्दछ । एउटै मात्र फूल भएको यो प्रिमुला भने आजसम्म पाइएको छैन । ५ से.मी. देखि ३० से.मी. सम्मको उचाइँ हुनु साधारण हो तर ४५ से.मी. सम्मको उचाइँ भएको पनि पाइएको छ । शाक्य र राईले शिवपुरीबाट फेब्रुरी महिनामा सबैभन्दा अग्लो ६० से.मी.को *P. denticulata* सङ्कलन गरे यसको उचाइँ फूलको आकार, बनावट आदि कारणले यसको नाम *P. denti*culata sp. alta राखे । २०००-३००० मीटरसम्मको उचाइँमा जङ्गल सफा गरेको ठाउँमा अलि ओसिलो जग्गामा यो बिरूवा पाइन्छ । बर्मा, भारत, चीनको यूनान, सिक्किम, भुटान, अफगान, तिब्बतमा यो वनस्पति पाइन्छ । यसको क्रोमोजोम सङ्ख्या २n=२२ वटा पत्ता लागेको छ । नेपालमा करीब १०५ प्रजातिका प्रिमुलाहरू पाइन्छन् ।

दुई हजारभन्दा कम उचाइमा पाइने २ प्रकारका प्रिमुला वनस्पति छन् ।

1. Primula denticulate, 1500-4900
2. P. floribunda, 1100

नेपालका रैथाने (नेपालमा मात्र पाइने) ८ प्रकारका प्रिमुला वनस्पति छन् ।

1. P. aureate, 3100-3500, Gosaikunda
2. P. baryana, 2900-4600m, K.N. Shrma सङ्कलन कर्ता
3. P. didyma, 3200-4300m, Lall Dhwoj सङ्कलन कर्ता
4. P. poluninii, 4600-5100m
5. P. ramzanae, 4300-5200m
6. P. reidii var. williamsii
7. P. Sharmae, 2600-4900m, Sharma, stainton सङ्कलन कर्ता
8. P. Wigramiana, 4100-5200m, Sharma सङ्कलन कर्ता

प्रिमुलालाई जैव प्रविधि (tissue culture) टिस्यूकल्चर तथा भेजेटेटिव प्रोपोग्याशन गरेर फैलाउन सकिन्छ । खास गरेर हावा, पानी, माटो र मलको राम्रो परीक्षण गरेर यसको हर्टिकल्चर उपादेयता बढाउन सकिन्छ । हिमाली नेपालको प्रिमुला फूलको लोकप्रियता विदेशमा अर्किडको सरह छ ।

विदेशमा लोकप्रियता बढाउन सक्षम तथा विदेशी मुद्रा आर्जन गर्नमा सहयोगी केही वनस्पतिहरूको निम्नानुसार चर्चा गरिएको छ ।

*Abies spectabitis*, fir : पिरामिडको आकारमा ठूलो वृक्ष हुने यस बिरूवालाई तालीसपत्र थीगो या गोब्रे सल्ला भनेर चिनिन्छ । सदाबहार र आकर्षक रूप हुने हुँदा पश्चिमी सन्सारमा यो वृक्ष गमलामा लोकप्रिय भई घर आँगनमा पनि रोपेको देख्न सकिन्छ । २४०० देखि ४४०० मीटरको उचाइको यो वृक्ष शहरी वातावरणलाई आकर्षक बनाउन प्रयोग गरी यसको लोकप्रियता बढाउन सकिन्छ ।

*Acer oblongum*: फिरफिरे र पुतली फूलको नामबाट परिचित यो एक आकर्षक वृक्षमध्ये पहाडी भेगमा जतातते प्रशस्त मात्रामा पाइने तथा सदाबहार प्रकृतिको हुनाले वृक्षारोपण गर्न यसको प्रयोग गर्न सकिन्छ । सदा हरियो रहिरहने हुँदा शहरी सौन्दर्यताको लागि छनोटमा ल्याइन्छ । यो हिमाली फिरफिरेको बोट विदेशमा आफ्नो पहिचान बनाउन सक्षम देखिन्छ । तुषारो खप्ने र चाँडो बढि मझौला आकार ग्रहण गर्ने हुनाले गाउँघरमा नेपाली मौलिकता बढाउन यो वृक्ष उपयोगी देखिन्छ ।

*Adiantum philippense* : उन्यू जातिका प्रजातिहरू सदाबहार र कोठाभित्र पनि सजिलै सजावटको रूपमा राख्न सकिने भएकोले लोकप्रिय हुँदै गएका छन् । सार्न र फैलाउन पनि सजिलो र अन्य पुष्पहरूसँग मिसाएर थुङ्गा, बुकी जे मा पनि प्रयोग गर्दा आकर्षक हुने हुनाले यो नेपाली बिरूवा विदेशमा आफ्नो स्थान पाउन प्रयत्नशिल छ ।

*Allium tuberosum*: २००० देखि २६०० मीटरको उचाइँमा पाइने लसुन जातिको यो सानो बिरूवा पश्चिमी जगतमा नेपालबाट भित्रिएको देखिन्छ । सानो र गानाबाट सजिलै सर्ने तथा सुगन्धित मसलाको रूपमा प्रयोग गरिने हुँदा खाद्य पदार्थको एक अङ्गको रूपमा विदेशमा पनि प्रचलनमा छ ।

*Allium wallichii*: जिम्बू झारको नामले चिनिने यो बिरूवा पनि डुण्ड सरह नै पश्चिममा भित्रिएको पाउँछौं । यो वन लसुन सबैले खाद्य पदार्थको रूपमा प्रगोग गर्दै आएका छन् ।

*Anaphalis triplinervis* : फोसोरोसन नामले चिनिने यो झारको सेतो फूल गुच्छा आकर्षक हुन्छ । भुई र मुठामा उत्तिकै राम्रो लाग्ने यस वनस्पतिलाई सुकेको अवस्थामा पनि पश्चिमेलीहरू कोठामा राख्न मन पराउँदछन् । यो वनस्पति मसिनो बोट र बिउबाटै सर्ने हुनाले पश्चिमी देशमा आफ्नो स्थान बनाउन सफल छ ।

*Androsace muscoides* : ३००० मीटरभन्दा माथि हिमाली भेगमा पाइने यो झ्याउ जस्तो गुच्छामा उम्रने बिरूवाको आकर्षण सय वर्ष पूर्व नै यूरोपतिर पुगिसकेको अनुमान छ । चिसो हावापानीमा रैथाने यो बिरूवा पश्चिममा सजिलैसँग घर बसाउन सफल भएको देखिन्छ ।

*Androsace zambalensis* : यो फोसोरोसन बिरूवा पनि ३००० मीटरको उचाइँभन्दा माथि गोलाकार मेचको आकारमा सुख्खा स्थलमा गुचुमुच्चु भई उम्रने र यसको फूल पहिला सेतोबाट गुलाफी हुने हुनाले चीसो ठाउँमा उद्यान प्रियजनहरूमा लोकप्रिय तर सर्पान कठिन बिरूवामा पर्दछ ।

*Nemone vitifolia*, कपासे फूल : पहाडी भेगमा पाइने यस सानो बिरूवाको सेतो आकर्षक फूलको सुन्दरताले गर्दा पश्चिमी देशका बगैंचामा यसले राम्रै स्थान पाएको छ । नेपालमा भने यसै जातका स्वदेशी बिरूवाको बदलामा आयातित बिरूवा नै बिक्रि वितरण गरिन्छ । यो बिरूवा लामो डाँठमा हुने हुँदा गुच्छा या गुठामा पनि सजिलो बिक्रि गर्न सकिन्छ भने बाग बगैंचामा त मनमोहक नै हुन्छ ।

*Ardisia macrocarpa*, दमाई फल : मझौला खालको झाडीदार यस बिरूवाको बाक्लो चम्किलो र ठूलो पात नै बगैचाको सुन्दरता बढाउन पर्याप्त छ । फूल गुलाफी र बाक्लो हुने र फल सरद महिनादेखि रातो भई पाक्ने हुनाले जाडो मौसममा फल देखिने बिरूवाको रूपमा लिइन्छ । फलबाट सजिलै उर्मान सकिने र यसका अरू प्रजातिमा हली काफल, सेति काठले पनि बगैंचामा स्थान पाइ आएको छ ।

*Risaema griffithi*, सर्प मकै : नेपालमा सर्पको मकै भनि हेलामा परेका यो बिरूवा प्राकृतिक वासस्थानमा अति लोभ लाग्दो गरी समूहमा बसेको पाउँदछौं । पश्चिमी देश र जापानमा भने गमलामा यसले स्थान पाएको छ । यसको सर्पको जस्तो आकारले गर्दा नै होला यसलाई कसैले पनि नेपालमा हेर्न पनि रूचाउँदैन भने विकसित देशमा भने यसको रूप सुन्दर मानिन्छ भने जमिन मुनिको कन्दबाटै सजिलै फैलाएको पाउँछौं । यसखाले बिरूवाका नेपालमा २२ प्रजातिहरू छन् । बेलायत, जापान, फ्रान्स, जर्मनमा आफ्नो विशिष्ट स्थान हासिल गरिसकेका यी वनस्पति नेपालमा हेपाइमा परेका छन् ।

*Berberis aristata*, चुत्रो : चुत्रोका ४० प्रजाति नेपालमा पाइने भए तापनि पुष्प व्यापारमा एउटैले पनि स्थान पाएको छैन । यसका ६ प्रजाति त नेपालका मात्र रैथाने हुन भने यसको बोट सानो, बाक्लो तर सदाबहार हुने हुँदा बनस्पतिको बारको रूपमा बढाउन सकिन्छ । काँडाहरू पात र डाँठमा समेत हुने हुँदा जनावरहरूले नबिगार्ने तर फूल भने गुच्छामा फुल्दा यसको सौन्दर्यताले मानवलाई लोभ्याउने हुँदा शहरलाई रूपमय पार्नमा यसको मद्दत लिन सकिन्छ ।

*Bergenia ciliata*, पाखन वेद : यद्यपी यसलाई चट्टानको फूल भनिन्छ तर हिउँ पग्लन लाग्दा पहरा कन्दरामा यो फूल भुईमा लटरम्म फुल्न थालेपछि जो कोहि यात्रुलाई यस तर्फ टोलाउन बाध्य पार्दछ । जडीबुटीयुक्त वनस्पति हुनाले गाउँघरमा जो कोही पनि यसको गाना-जरा बटुल्न लाग्दछन् भने बगैंचामा रोप्न भनेर लाने नेपालमा कमै छन् तर अमेरिका, क्यानाडातिर भने जो कोहीको घर र सडक पेटीको बाग र बगैंचामा यी वनस्पतिहरू हलक्क सप्रेको पाइन्छन् । त्यसैले नेपालको सेपिलो घर करेसा बारीमा एक फूल दुई कामको रूपमा यो अङ्गाल्न सके आर्थिक आर्जनमा पनि थप स्रोत बन्न सक्ने छ ।

*Boenninghausenia albiflora*, माखे माउरो : प्रकृतिले नेपाललाई यस सुन्दर बिरूवाले सिङ्गारेको छ । चुरे पर्वतदेखि महाभारत पर्वतको सेरोफेरो वन जङ्गल, गोरेटो, नदी किनार, अर्धघाम लाग्ने स्थानहरूमा यो सानो माखे माउरोको सानो सेतो फूलले कतिपय विदेशमा स्थान पाएको छ भने नेपालमा झार मात्रै भनेर पुष्प व्यापारको आय स्रोत आर्जन गर्ने सम्पदामा परेको छैन । कट फ्लावरकै रूपमा पनि अन्य गुच्छा फूललाई थप सौन्दर्यता प्रदान गर्न यसको सहयोग सन्हानिय छ । बाटोको छेउछाउमा कुनै बेला बेलायतको हिलिएर बागमा यसको लोकप्रियता उल्लेखनिय थियो ।

*Caesalpinia sepiaria*, अरिले काँडा : जापानको गाउँ घरको पुष्प बागमा बारको सौन्दर्यता बढाउन लहरादार बिरूवाले आफ्नोपन पाएको छ । हाम्रो देशमा भने यसको काँडाले घोच्छ भनेर हलक्क बढेको यस वनस्पतिले खुकुरी र रेतिको चोट खप्नु परेको छ । अझ पनि यसको झुप्पा फूलले तपाईको यात्रा रमाइलो पार्न मद्दत गर्दछन् ।

*Calanthe plantaginea* पङ्ख फूल : सुनगाभा परिवारका ३५० प्रजातिमध्येको यो पङ्ख फूल जङ्गलबाट निःशुल्क टिपेर ल्याउन पाउने र यसलाई शहरको बजारमा मेलामा यो कहिले काहीं बिक्रिमा राखेको देख्न पाइन्छ । हुन त सबै सुनगाभा परिवारका यी सन्सार प्रसिद्ध फूल संरक्षित सूचिमा छन् तर नेपाली पुष्प व्यापारमा आयातित केही देखिए तापनि अन्य फूल जति प्रसिद्धि पाउन सकेको भने छैनन् बरू जङ्गलबाटै यसको फूलको बेजोड आकर्षणले टिपटाप पारी ल्याउने प्रथा भने यथावत नै रही आएकोले लोप हुने खतरामा पनि छँदैछन् । यी प्रजातिका फूल पुष्प उद्योगका लागि वरदान हुने र मौलिक नेपाली फूलले विश्व व्यापार पाउन सक्ने भए तापनि प्रयत्न गरेको भने देखिन्न ।

*Cautleya gracilis*, पानी सारो : अदुवा प्रजातिका ४५ प्रजातिमध्ये कै पानी सारो बिरूवा पनि विश्व व्यापारमा पर्न सक्ने एक फूलको प्रजाति भन्न सकिन्छ । जमिन मै बुटानको रूपमा हिमाली भेगको यत्रतत्र पाइने यो बिरूवाले पश्चिमेली सन्सारमा यथेष्ट स्थान पाएको छ ।

*Chlorophytum nepalense*, दाती सागः लामो सुरिलो डाँठमा एकपछि अर्को गर्दै झुल्लिएर सेतो फूल फुल्दा आकर्षक देखिनाले पश्चिमी देशका पुष्प प्रेमीहरूले यूरोपमा यो बिरूवा नेपालबाट भित्राएका होलान् । नेपालको पर्वतीयक्षेत्रको यो मौलिक गानेदार बिरूवा गाना या बिजनबाट फैलाउन सजिलो त छ तर नेपाली पुष्पप्रेमीको नजरबाट बाहिरै छ ।

*Clemalis buchananiana*, जुङ्गे लहराः सेतो र अन्य रङ्गमा झुप्पा-झुप्पामा फूल्ने यो वनस्पति विदेशका उद्यानमा देख्न सकिन्छ तर नेपालमा भने या त जङ्गल या उजाड गोरेटो बाटो, ट्रेकिङ्ग रूट आदिमा मात्र देखिन्छन् तर यसैका विदेशी प्रजाति भने भित्रिएर लोकप्रियता प्राप्त गरिसकेको पाउँछौं । डेर्वीशायर, इङ्गल्याण्डमा यो फूल फुलेको त्यहाँ पुग्नेहरूले देख्न सक्ने छन् ।

*Cornus capitata* : डमरू भनि पहाडी भेगमा चिनिने यो मझौले खालको वृक्ष पतझड भए तापनि वसन्त ऋतुमा नयाँ पालुवा दिई वैशाख-जेष्ठतिर फूल दिन्छ । रूख आकर्षक भई फलबाट सार्न सजिलो हुन्छ । पश्चिमी देशमा यसैका अन्य प्रजाति बागमा लोकप्रिय भएकोले हिमाली डमरू पनि समुद्रपारका सङ्कलनकर्ताहरू यसलाई उमार्न फल जम्मा गर्ने गर्दछन् ।

*Costus specious*, वेतलौरी : नेपाली जिब्रोमा लोकप्रिय भए तापनि फाट्टफुट्ट मात्र स्वदेशको उद्यानमा देखिने तर वनमा र झाडीक्षेत्रमा राम्ररी नै देखिने यो बिरूवाको फूल अति लोभलाग्दो छ । गानाबाट सजिलै सार्न सकिने भएकोले होला विदेशीहरू आफ्नो ठाउँमा लगि रोप्न मनपराउँदछन् । पोखरा राम्रो स्थान भएर नै होला त्यता जाने पर्यटकहरू यो फूललाई आफ्नो सङ्कलनमा पार्दछन् ।



*सुसेकसको वाकेहर्ष्ट भन्ने ठाउँ 'सानो नेपाल' परिचय गराउन नेपालको निगालो गुराँसहरू, लोक्ता, मुल्लाहा, तेलपारो आदि वनस्पतिद्वारा सिङ्गारीएको देखिन्छ । फोटो : रोय लान्काष्टर १९९५*

*Cotoneaster acuminatus* : यो ढल्के फूल र कोटोनेष्टरका अन्य प्रजातिहरूमा यिनीहरूको फूल एवम् आकर्षक रातो फलको सुन्दरताले बगैंचाको हारको रूपमा स्थान पाएका छन् । यसका फल उच्च पहाडी भेगमा भदौ-असोजदेखि आउन थाल्ने हुनाले पुष्प व्यवसायीहरू तथा अन्य सङ्कलनकर्ताहरू त्यो बेला नेपाल हेर्न आउँदा यिनीहरू पनि उपहारको सामान बन्न गएको देखिन्छ ।

*Cyananthus hayanus* : हिमालीक्षेत्रका लोभलाग्दा फूलहरूमा यो जाति पनि पर्ने भएकोले पुष्पप्रेमीहरू यसको बिजन या बिउप्रति त्यसै आकर्षण हुने गर्दछन् । प्रायः भूईमा नै टाँसिएर फैलने भएकाले गलैंचा जस्तो गरि फुल्दछ । *Cyananthus* का १२ प्रजातिमध्ये एक त नेपालमा मात्र पाउने र सबैका फूल मनमोहक हुने हुँदा उद्यानको लागि राम्रो मानिन्छ ।

*Daphne bholua* : लोक्ता र *Edgeworthia gardneri* रोयल बोटानिकल गार्डेन, क्यूमा यी नेपाली बिरूवाहरूले सम्मानजनक स्थान प्राप्त गरेको धेरै भईसक्यो । वसन्त ऋतुबाट नेपाली पर्वतीय श्रृङ्खलामा अत्यन्त मनमोहक मुस्कानका साथ फक्रिरहेका यिनीहरूको फूल र होचो राम्रो बुटानले जो कोहीलाई पनि आकर्षित पार्दछ । मिल्के डाँडाबाट सङ्कलन गरिएको लोक्तालाई तोम स्प्रीङ्ग र स्येथले धरान र कलकत्ता हुँदै क्वारान्टीन परिक्षणपछि क्यू गार्डेनमा पुऱ्याएको र कालान्तरमा बेलायतका धेरै बाग बगैंचामा यी बिरूवा लोकप्रिय भएको पाइन्छ । महँगो दरमा बेलायतमा बिक्री हुने यी बिरूवाहरू नेपाली उद्यान र वनस्पति सङ्ग्रहमा अज्ञात जस्ता छन् । ससेकसको उद्यानमा यसको सुवासबाट आकर्षित हुने बेलायतका पुष्पप्रेमीहरू नेपाली फूल हेर्न त्यहाँ जान उत्सुक रहन्छन् ।

*Dichroa febrifu* : नेपालमा वनसुक या वसक नामले चिनिने यो बिरूवा पहाडी भेगमा प्रशस्त मात्रामा पाइन्छ । रूखको या झाडीको किनारामा लहरै देखिने यो वनसुकको गुच्छादार फूल र कालो फलले बगैंचालाई शोभायमान बनाउने वनस्पति नेपालमा अन्जान छ तर विदेशमा भने यसका बिउहरू गईरहेको ज्ञात हुन आएको छ ।

*Disporum calcaratum* : कल्की जस्तो झुप्पामा गुलाफी सेतो फूल फुल्ने यो सानो बिरूवा वन जङ्गलमा प्रशस्त मात्रामा पाइन्छ । गाना र बिउबाट सजिलै सार्न सकिने र कट फ्लावरको रूपमा पनि पहिचान गराउन सकिने भएकोले विदेशीहरू यो बिरूवा आफ्नो ठाउँमा राख्न मनपराउँदछन् ।

*Elaeagnum* : मदिलोको नामले चिनिने यो दऱ्हो काँडे झाडीदार बिरूवा नेपाली उद्यानमा लोकप्रिय नभए तापनि पश्चिममा केही उद्यानमा भने राम्रै स्थान पाएको देखिन्छ । पात चम्किलो चाँदी जस्तो सेतो र केही बाक्लो खाले पतझड तर काँडे बिरूवा भए पनि सुगन्धित स-साना फूल, सेतो चाँदी रङ्गको चाक्लो लामो बाटुलो फल र पाक्दा भने आकर्षक रातो रङ्गको फल नेपालमा खाने तर विदेशमा उद्यानको श्रृङ्गार बन्ने भएकोले यसको चाहना देखिन्छ । काँडा पनि हुने भएकोले बारको रूपमा पनि विकसित गर्न सकिने बगैचाको शोभा नै राख्ने एक नेपाली बिरूवा हो यो ।

*Fritillaria cirrhosa* : असार-श्रावण महिनामा ३००० मीटर माथिको खुल्ला घाँसे मैदानमा सुकेका फलका दानाबाट आकर्षित हुँदै बेलायतका अनुसन्धानकर्ताहरूले यसलाई सङ्कलन गरेको विवरण उल्लेख गरेको पाइन्छ । यस सुन्दर बिरूवाको फूल बैजनी रङ्गको घण्टाको आकारमा हुन्छ । लामो डाँठमा फूल फुल्ने र पात पनि सलक्क लाम्चो हुने हुँदा कट फ्लावरमा विकसित गर्न सकिने हो । यस बिरूवालाई नेपालीमा काकोली भनिन्छ ।

*Gaultheria semi-infera* : यस जातका वनस्पति ओसिलो जमिनमा गलैंचा जस्तो फैलने र स-साना, बाक्ला, चम्किला पात र गोलाकारका फलले गर्दा समशितोष्ण भूभागका बगैंचामा पश्चिमी जगतमा देख्न पाइन्छ ।

*Gentiana ornate* : नेपालको पर्वतीय यात्रामा जाँदा जमिनमा टाँसिए लत्रमै निलो-सेतो रङ्गले फूल फुल्ने लोभलाग्दो जमिनको निलो तारा जस्तो देखिने यस जातका बिरूवाले बगैंचामा सजिलै स्थान पाउन सक्दछ । विदेशका



*स्वयम्भू वातावरणीय उद्यानमा सेताम्मै फुलेका भैसी काँडा (जङ्गली गुलाफ)*

धेरै उद्यानमा यिनीहरू लोकप्रिय छन् ।

*Hydrangea robusta* : पहाडी उचाइँमा यस प्रजातिका वनस्पतिहरूले बाक्लो चौडा पातले मात्र आकर्षित नगरेर बैशाख-जेष्ठमा फुल्ने फूलका गुच्छाहरूले मानिसलाई आकर्षित गर्दछ । यस जातिको बिरूवाले विभिन्न देशका उद्यानहरूमा स्थान पाएको देख्न सकिन्छ ।

*Hypericum choisianum* : पूर्व नेपालको करिब १५०० मीटरदेखि नै देखिन थाल्ने यस प्रजातिका बिरूवाहरू नेपालको पदयात्रामा आउने जो कोही आगन्तुकहरू पनि फूल फुलिरहेका यस होचो बिरूवाबाट अचम्मित हुने गर्दछन् । किनकि यसका प्रजातिहरू उनीहरूको देशमा सडकको किनारामा सिङ्गार वनस्पतिको रूपमा रोपिएको पाउने गर्दछन् । यस्तै घटना १९७१ को नेपाल भ्रमणमा आउने वनस्पति सङ्कलनकर्ता डा. नोरमान रोडसोनले बेलायत न्याचुरल हिष्ट्री म्यूजियममा यो बिरूवा जान पाउँदा आश्चर्य र हर्ष व्यक्त गरेका छन् । थुडामका पाखाबाट बेलायत भित्रिएका यी नेपाली बिरूवाले त्यहाँ वनस्पतीय जगत्मा राम्रै स्थान बनाईसकेको भए तापनि नेपाली पाखाबाट डढेलो, घाँस चरन, करेसाबारी बिस्तार, जङ्गल कटान र संरक्षण ज्ञानको अभावले गर्दा प्राकृतिक रूपमा हुर्कन सकिरहेका छैनन् र वनस्पति उद्यान या फूल व्यवसायीहरूको लोभलाग्दो नजरमा पनि पर्न सकेका छैनन् । जापानको शहरी मैदानमा यिनीहरू गर्मी महिनामा ढकमक्क फुलिरहेको देख्न पाइन्छ ।

*Leycesteria Formosa* : नाथालियन वालिच, नेपाली वनस्पति सङ्कलन एवम् अनुसन्धानकर्ताले भारतका कृषि तथा हर्टिकल्चर सोसाइटीका समकालिन अध्यक्ष William Leycester (१७७५-१८३१) को सम्मानमा यस बिरूवाको नामकरण गरी भारत र बेलायतमा लगेको बुझिन्छ ।

*Luculia gratissima* : दरबारी एवम् लुकुली स्वाँ जस्ता स्थानीय नामबाटै वैज्ञानिक नामकरण भएको र सोही नामबाट हालसम्म प्रचलित हुँदै आएको यो सानो बिरूवाको गुच्छादारी फूलले भदौ-असोजतिर पहाडै रङ्गीन बनाएको पाउँछौं । यसको गुलाबी फूलको झुप्पाले गर्दा बगैंचामा सजिलै भित्राउन सकिने भए तापनि फूल व्यवसायी र वातावरणविद्हरूको नजरमा हालसम्म पर्न नसक्नु आफ्नो सम्पदाको महत्व नबुझ्नु नै हुन सक्दछ ।

*Lilium nepalense* : यद्यपी यो खिरौले वनस्पतिले नेपाली बजार पाइसकेको छैन, तर बिउ या गानाबाट सजिलै उचित स्थानमा उमार्न र प्रयोगशालामा पनि जैविक प्रविधिबाट उमार्न सकिने देखिएकोले व्यापारिक दृष्टिकोणले फैलाउन सकिन्छ । प्राकृतिक वासस्थानमा भने कम देखिने तर सौन्दर्यताको धनी यो फूल कट फ्लावर र उद्यानको सदस्यको रूपमा राम्ररी ग्रहण गर्न फ्लोरीकल्चर समूह र बगैंचाप्रेमीहरू लाग्नु पर्ने देखिन्छ ।

*Meconopsis paniculata* : कार्तिक महिनातिर टोप्के गोलामा र अन्य स्थानमा मनग्गै फूल फुल्ने यो बिरूवाले ई.सं. १९७१ तिरै बेलायतको इडिनवर्गको शाही वनस्पति उद्यानमा यसले विशेष स्थान पाइसकेको छ । यसै प्रजातिको एक बिरूवाले ई.सं. १९९० मा जापान एक्पोमा जापानीहरूको अपार प्रशंसा प्राप्त गरेको र यसको लोकप्रियतालाई हेरी एक्पो कमिटिले टिस्यू कल्चर प्रविधिबाट त्यहाँ फैलाउने प्रयास गर्दै आएको थियो । हिमाली प्रजातिका मेकोनोप्सीस उत्तर अमेरिकामा पाईदैन तर क्यानाडाको अल्वर्टा प्रान्तको एडमण्टन शहरको अल्वर्टा विश्वविद्यालयको लोगोमा हिमाली मेकोनोप्सीसलाई स्थान दिएर सम्मान गरेको पाइन्छ ।

*Polygonum affine* : १९५० मा नै सर हिलियर गार्डेनमा कोलोनेल लोण्डेसले नेपालबाट बेलायतमा भित्राएर विभिन्न उन्नत प्रजाति तयार गरी लोकप्रिय बनाएको यो गलैंचा जस्तै बिरूवाले नेपालको गौरव बढाएको पाउँछौं । यसका धेरै प्रजाति यूरोपको माटोमा हुर्कने भएर नै होला विदेशमा फैलँदै जानु तर नेपालमा त्यसको ज्ञान पनि नहुनु विडम्बना हो । बिउ र बिजनबाट सजिलै हुर्कन सक्ने यो बिरूवा नेपालको पुष्प व्यापारको लागि निक्कै लाभप्रद हुन सक्ने छ । *P. emplexicaule* को सङ्कलन स्थान र उद्यानमा यस फूलले प्राप्त गरेको स्थानले यसलाई 'अरूण जेम' भनि पदवी दिएको चर्चा रोय लरेन्सले आफ्नो पुस्तक (१९८१) मा उल्लेख गरेका छन् ।

*Potentilla argyrophylla* : यस बिरूवासँग मिल्ने धेरै प्रजातिले बेलायत, क्यानाडा, जापान, भारतका उद्यान र बाग बगैंचामा यथेष्ट स्थान पाउन सफल भएका छन् । फूलले मात्र होइन पातको सौन्दर्यताले पनि उद्यान हेर्न आउने फूल प्रेमीहरूको मन जित्न सफल यो वनस्पति नेपालबाट विश्वका धेरै मुलुकमा प्रवेश गरेर त्यहिको विविधतासँग सङ्गम गरेर लुप्त प्रायः अवस्थामा पुगेको बुझिन्छ । दुःखको कुरा यसका ५१ प्रजाति मध्ये कुनै पनि हाम्रो नेपालमा कसैको नजरमा पर्न सकेको छैन ।

*Prunus cornuta, P. cerasoides, Prunus rufa* : यी बिरूवाहरू नेपाल बाहेक अमेरिका, जापान र बेलायतमा प्रवेश गरी सकेका छन् । हिमाली पैंयू जापानी पैंयू साकुराको जननी हुन भनेर टोक्यो कृषि विश्वविद्यालयका प्राध्यापक

डा. सोमेगाले आफ्नो अनुसन्धानको महत्वपूर्ण उपलब्धीको रूपमा प्रस्तुत गरेका छन् । हिमाली यी फूल सरद र वसन्त, गृष्म ऋतुमा नेपाली हावापानीमा हुर्केका, फत्रेका पाउँछौं तर संरक्षणको अभावमा यसका कति प्रजाति जानकारीमा आउनुभन्दा अगावै लोप हुने स्थितिमा पुगेका पनि छन् ।

*Pyracantha crenulata* घँगारू, काठगेडीः मध्य पहाडी क्षेत्रमा एक हजारदेखि दुई हजार चार सय मीटरको उचाइँसम्म पाइने सदाबहार काँडे बुट्टे बिरूवाको फूल चैत्र-बैशाखमा फुल्ने फूल र यसको कालो बाक्लो र चम्किलो पातको कारणले आकर्षक देखिने र साथै जुनसुकै आकारमा छाटेर बनाउन सकिने भएकोले पश्चिमी देशको बगैंचामा यसले बलियो प्रवेश पाएको छ । बार लगाउन, शहरी गाउँक्षेत्रमा गाईबस्तुभित्र पस्नबाट रोक लगाउन, लठ्ठी, खुर्पा, बिड आदि स-साना घरेलु बस्तु बनाउन उपयोगी यो बिरूवा हालसालै केही उद्यानमा देख्न सकिने भए तापनि प्रचार-प्रसारको अभावमा यसको त्यति लोकप्रियता देखिँदैन ।

*Pyrus pashia don M:* माघ-फागुनको जाडोमा मयलको बोटमा सेताम्मै फुल्ने फूलले नेपालको पहाड नै सिङ्गारेको हुन्छ । मझौले खालको काँडे रूख हुने भएता पनि आकर्षक फूलको कारणले घर, बगैंचा, बाटो-घाटोमा रोप्न उपयुक्त यो पतझड बिरूवा हो ।

*Rhododendron arboreum* गुराँस, लाली गुराँस : नेपालमा ३० प्रकारका गुराँस प्रजातिहरू पाइन्छन् । राष्ट्रिय चिन्हको रूपमा प्रख्यात गुराँसमा अनुसन्धान गर्न र फूललाई पुष्प उद्योगको मूल प्रवाहमा ल्याउन अझ सकिएको छैन । विदेशमा नेपाली गुराँसले प्रवेश गरेको धेरै वर्ष भईसकेता पनि नेपालको धेरै प्रमुख शहर, नगर, गाउँहरूमा यस प्रजातिका बिरूवा अधिकतम् नेपालीले देख्न पाएका छैनन् र देख्न र बुझ्न नपाउँदै यो वनस्पति बिस्तारै कटानको मारमा पर्न थालेको पाइन्छ । यस जातिका चिमाल, कोरलिङ्गे, सुनपाते, सलुमा प्रजातिहरू प्रवासका उद्यानमा देख्न सकिन्छ । नेपालको फूल भनेर विदेशमा पनि प्रसिद्ध बन्दै आएको यो बिरूवा नेपालको वन-जङ्गलमा मात्र देख्न सकिने अवस्थामा छ । बेलायतमा जोसेफ हुकरले ई.सं. १८४८ मा नै कतिपय गुराँस जातिका बिरूवाहरू हिमालीक्षेत्रबाट लगि त्यहाँ प्रवेश गराएका थिए ।

*Rosa brunonii* भैंसी काँडा : चैत्र-वैशाखमा फुल्ने अनेकौं थरीका फूलहरूमध्ये काँडेदार लहरा भएको सेताम्मै फुल्ने गुलाफले जङ्गलको बाटोमा हिँड्ने बटुवाहरूलाई मोहित पारेको हुन्छ । कस्तूरीको जस्तो वास्ना चल्ने भएर होला यसलाई हिमाली कस्तूरी गुलाफ भनी अङ्ग्रेजीमा नामाकरण गरिएको छ । यो जङ्गली गुलाफमा मौरीको बास प्रशस्तै देखिन्छ । त्यसैले मौरी पालनमा पनि यसको भूमिका हुन सक्दछ । जङ्गलका यी लोभलाग्दा गुलाफहरूले उद्यानमा पनि सम्मानजनक स्थान पाउन थालेमा मौलिक नेपाली बिरूवाहरूको लोकप्रियता बाग बगैंचा र उद्यानमा बढ्न जाने थियो ।

*Sarcococca hookeriana*, तेलपारो : आफै देशको हावापानीमा प्रशस्त मात्रामा पाइने र हुर्काउन सकिने वनस्पति सम्पदाको महत्वलाई आत्मसाथ गर्न नसक्नाले लाखौं लाख मूल्यका बिरूवाहरू विदेशबाट नेपाल भित्राउने परम्परा बलियो बन्न गएको आभास तेलपारो जस्ता नेपाली जङ्गली जातका मौलिक बिरूवाको पहिचान गर्न नसक्नु र प्राथमिकतामा नपर्नुले प्रष्ट्याउँदछ । तेलपारो सदाबहार झाडीदार बिरूवा भएको र सजिलैसँग पहाडी, उपत्यकाक्षेत्रमा फैलाउन सकिने बिरूवा हो । जसरी उन्यू जातिको बिरूवाको राम्रो प्रयोग गर्न सकिन्छ, त्यसरी नै तेलपारोलाई पनि पुष्प व्यापारको क्षेत्रमा प्रवेश गराउन सकिन्छ ।

*Sorbus cuspidate* नाझील : हिमाली भेगको यस मझौले पतझड बिरूवालाई अत्यन्त राम्रा मानि यूरोप र अमेरिका शहरमा सौन्दर्यता बढाउन शहरको भित्री आवासियक्षेत्रमा वृक्षारोपण गरिन्छ । यसका फलहरू पनि लटरम्म परी झुप्पामा फल्ने भएकोले हिउँ पर्दाको कठिन र नित्स मौसममा पनि रातो आकर्षक फल बिरूवामा नै रहि रहनाले शहरी वातावरणलाई प्राकृतिक स्वरूप दिन सफल देखिन्छ । यस्ता बिरूवाको पहिचान, अनुसन्धान, प्रचार-प्रसार गर्न सके हिमाली भेगको वातावरण सुधारमा मदत पुगि भू-स्खलन जस्तो समस्या पनि हटेर जानेछ । यी बिरूवा छिटो बढ्ने प्रकृति भएकोले वन्यजन्तु, पशु-पंछीलाई पनि राहत मिल्ने छ । १९५० मा को. डोनाल्ड लोन्डेशले नेपालबाटै यो बिरूवा बेलायत पुऱ्याएका रहेछन् ।

*Strachyurus himalaicus* : यो चैत्र-वैशाखतिर फुल्ने अर्को राम्रो बिरूवा भएता पनि गाउँले नाम प्राप्त हुन नसकेको यो बिरूवा झाडीदार लहरेदार प्रकृतिको भई लामा-लामा डाँठमा झुण्डिएका रहर लाग्दा फूलहरू घना जङ्गलको बिचो बिच भागमा देख्न सकिन्छ । जेर्मीन्स हाउसको हिलियर वृक्ष सङ्कलन केन्द्रमा यो बिरूवा रहेको कुरा रोय लानकास्टरले उल्लेख गरेका छन् । यो बिरूवा कट फ्लावरको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

*Stranvaesia nussia*, जुरे मयल : नजिकको देउता हेला या बत्तिमुनि अध्यारो भने जस्तै वनस्पतिको उचित पहिचान योजनाकार, विद्वानवर्ग र वातावरणविद्हरूले गर्न नसक्नाले जुरे मयल जस्ता लोभलाग्दा सदाबहार वृक्षले शहरीक्षेत्रको प्राकृतिक वातावरण बढाउन आफ्नो योगदान पुऱ्याउन सकेका छैनन् । नेपाली बिरूवा देख्यो कि काटेर फाल्ने या दाउरा बनाउने हेपाहा प्रवृतिमा परेका तर विदेशका बिरूवालाई भने त्यसै त्यसै माया गरी पाली राख्नाले आधुनिक यूगमा आफ्नोपन, मौलिकपन टाढा हुँदै छ । यो बिरूवा सान-फ्रान्सिस्को र इटालीमा पनि कतै देख्न सकिन्छ तर नेपालमा थोरैले यसलाई चिनेका छन् । रोय लारेन्सले गोदावरीमा यस वृक्षको फेदमा वनभोज खाने समयमा आफ्नो स्वदेशको सम्झना गरेका छन् ।

*Thalictrum reniforme*, दाम्पाते : खोला किनाराको छेउछाउमा जङ्गलकै किनारामा अत्यन्त स-साना पात र फूल पनि त्यसै देखिने यी बिरूवा त झन कसैको आँखामा पर्दैनन् । तर पश्चिमी उद्यानमा यिनीहरूलाई स-सम्मान गोलो घेरा-घेरामा बाक्लो पारी उमारेको पाउँदा नेपालमा वनस्पतिरूपी सुनलाई कति हेला गरिँदो रहेछ जस्तो लाग्दछ । दाम्पातेका सेता, गुलाफी र छिर्केविर्के रङ्गका बिरूवा उद्यानमा प्रवेश भईसकेको छ तर हामी भने अझ बेखबर छौं ।

*Taxus wallichiana*, वर्मे सल्ला : नेपालका ब्राम्हणहरूले यस वृक्षबाट रङ्ग बनाई निधारमा लगाउने गरेको र यो वृक्ष बेलायतमा पनि रहेको चर्चा हुकरले धेरै पहिला विदेशमा गरी सकेका रहेछन् । यस वृक्षको चर्चा अवैध काष्ठ व्यापारमा हुँदै आएको र औषधीमूलक बिरूवा भनि पहिचान हुँदै आएता पनि शहर बजारमा पनि सजिलै हुर्काउन सकिने यो मझौले रूपवान बिरूवाले किन स्थान पाउन सकेन ? वन विभागले आफ्नो पाइलट प्लानमा थुप्रै उमारेता पनि महानगरपालिकाले यो थाहा नपाउँदा देश नसुहाउने विदेशी कल्की, काँगियो, लहरे पिपलको

बजार पाएकोमा दुःख लाग्न सक्दछ ।

*Viburnum cylindricum*, घोडाखरी, घारघुरे : नेपालमा आउने धेरै पर्यटकहरू घोडाखरी र यसैका नातेदारका अन्य प्रजाति देख्न पाउँदा हिमाली मनसूनको सम्झना गर्दा हुन । वर्षा याममा पानी र जुकाको प्रकोप भएता पनि यिनीहरूको फूलले यात्रीहरूलाई आफूतिर तानिरहेका हुन्छन् र यसको बिजन जम्मा गरी आफैसँग लान लालायित पार्दछन् । झुप्पा झुप्पामा फूल फुल्ने यी बिरूवा सुन्दर भएर नै होला र आकार-प्रकार र पात पनि राम्रो भएर नै होला पर्यटकहरू यसलाई हेर्न मन पराउँदछन् ।

*Yushania maling*, मालिङ्गो : वाँस प्रजातिका बिरूवाहरू नेपाली फ्लोरीकल्चरको सन्सारमा अपहेलित भएता पनि जापान र यूरोपमा भने यसले अति आत्मियता र सम्मान पाउँदै आएको छ । चाण्डरको फोर्ड नर्सरीमा नेपाली उद्यान प्याभिलनमा निगालोको सौन्दर्यता हेर्न पाउँदा त्यहाँ जाने नेपालप्रेमी विदेशीहरू नेपाल सम्झेर कल्पिरहेका हुँदा हुन् । पूर्वी नेपाल, मध्य हिमाली भूभागमा प्रशस्त मात्रामा पाउने निगालोहरू प्रकृतिसँग ज्यादै नजिक भएता पनि आधुनिक शहरी सन्सारबाट टाढा देखिन्छन् । यसको सदाबहार वतावरणप्रेमी गुणबाट बञ्चित हुन पुगेका छन् ।

यसरी चर्चा गर्दै जाँदा यसको सूची धेरै लामो हुँदै जानेछ । यी अमूल्य प्राकृतिक सम्पदाले विदेशमा बजार पाई आफ्नो विदेशी आयस्रोत, राजश्व प्राप्त गर्नमा यूगौंदेखि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । सौन्दर्यता र प्रकृतिको धनी मानिने नेपालमा फूल र फल लाग्ने वन्य पैदावारहरूले नेपाली जगतमा पनि स्थान पाउन नसक्नाले नै अमूल्य सम्पदा यसै खेर गई बेकाम भएका छन् भने विदेशबाट महँगा दामका यस्तै खाले फूलहरूले नेपाली बजार ओगटी रहेका छन् । जङ्गल, जडीबुटी र जलाधारको धनी राष्ट्र नेपालले जङ्गली फूललाई व्यापारक्षेत्रमा ल्याउन सकेमा अन्य मुलूकबाट आएका बिरूवाको मात्र दास नभई आफ्नै हावापानीमा हुर्कन सक्ने पुष्पहरूले हाम्रो घर-आँगन, बाटो-दोबाटो र जतातत्तै शोभायमान बनाउनका साथै आयस्रोत बढाउनमा पनि सहयोग पुऱ्याउने थिए ।

❖